"समुन्नत इलाम, सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: राजश्व शाखा (२०८२/०८३)

च.नं. —

भानुपथ इलाम कोशि प्रदेश, नेपाल

मिति: २०८३/०३/३२

## आन्तरिक आय ठेक्का बन्दोबस्तीसम्बन्धी विद्युतिय प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति: २०८३/०३/३२)

इलाम नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९(संशोधन सहित) बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८३/८४ को लागि बन्दोबस्ती गर्नुपर्ने भएकोले इलाम नगरपालिकाको आर्थिक ऐन,२०८३ बमोजिमको दरमा बहाल बिटौरि शुल्क संकलन गर्न इच्छुक फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानका लागि यो ७ दिने सूचना प्रकाशन गरिएको छ ।

| क.स. | ठेक्का संकेत नम्बर | ठेक्काको नाम | न्युनतम ठेक अङ्क (मु.अ.कर सहित) वार्षिक | दरभाउपत्र जमानत वापतको रकम रु (प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको) | प्रस्ताव खरिद दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/८४ | हाटबजार बहाल बिटौरी शुल्क (जनक चोक कृषि बजार) | २०१८७५/- | कबोल रकमको कम्तीमा ५% | रु १००० (फिर्ता नहुने गरी) | |

शर्तहरु

१.प्रस्ताव फारम यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२ बजेभित्र प्रस्ताव खरिद दस्तुर वापतको रकम रु १००० (एक हजार) फिर्ता नहुने गरी इच्छुक फर्म वा कम्पनीको नामबाट स्थानीय तह राजस्व पोर्टल(https://sutrarevenue.fcgo.gov.np/) यस नगरपालिकाको नाममा राजस्व दाखिला गरी वा नेपाल बैंक लिमिटेड,इलाम शाखामा रहेको इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता नं : ०४००३००००१००१००००१ मा उल्लेखित रकम जम्मा गरी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत प्रस्ताव फारम प्राप्त गर्न सकिनेछ ।प्रस्ताव आव्हान,पेश गर्ने र प्राप्त प्रस्तावहरु खोल्ने प्रकृयाका लागि मात्र विद्युतिय खरिद प्रणालीको प्रयोग गरिनेछ ।

गणेश कुमार आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत

"समुन्नत इलाम, सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम
भानुपथ इलाम कोशि प्रदेश, नेपाल

पत्र संख्या: राजश्व शाखा (२०८२/०८३)

२. प्रस्तावदाता फर्म/कम्पनीले चालु आ.व.२०८२/८३ सम्मको फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रहरुको स्कयान कपी विद्युतिय खरिद प्रणाली मार्फत अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

३.एक फर्म/कम्पनीको नामबाट प्रस्ताव खरिद गरी अर्को फर्म/कम्पनीको नामबाट प्रस्ताव दाखिला गर्न पाइनेछैन । प्रस्ताव पेश गर्दा प्रस्ताव खरिद दस्तुर बुझाएको भौचरको सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (EGP) अन्तर्गत ITB 12.1 तथा दरभाउपत्र सम्वन्धी कागजातमा दरभाउपत्र जमानत रकम जे जति उल्लेख भएको भएता पनि प्रस्ताव फारमका साथ आफुले कबोल गरेको रकमको कम्तीमा ५ प्रतिशत वापतको रकम इलाम नगरपालिकाको धरौटी खाता नं : ०४००३०००००३०००००००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको प्रस्ताव पेश गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (विड वन्ड) को सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

५. पेश भएका प्रस्तावहरु यस सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको १२:१५ बजे विद्युतिय खरिद प्रणाली मार्फत यस कार्यालयमा खोलिनेछ ।

६. प्रस्तावहरु खोल्दा प्रस्तावदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधी तथा आमन्त्रित अन्य प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ । कुनै कारणवश उक्त मिति तथा समयमा प्रस्तावदाता स्वयम वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमा समेत प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन ।

७.ठेक्का रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता वापतको रकम नगदै (स्वीकृत ठेक्का अङ्कको एक तिहाइ बराबरको रकम) यस कार्यालयको राजस्व खातामा जम्मा गरी र बाँकी दुइ किस्ता वापतको रकम नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरी वा स्वीकृत ठेक्का अङ्क बराबरकै नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) अनिवार्य बुझाउनु पर्नेछ । ठेक्का रकम बुझाउदा प्रत्येक किस्ताको रकम उक्त किस्ता बुझाउने चौमासिक अवधिको अन्तिम सम्ममा बुझाउनु पर्नेछ ।पहिलो किस्ता वापतको रकम ढिलोमा चालु आ.व को कार्तिक मसान्त भित्र,दोस्रो किस्तावापत को रकम ढिलोमा चालु आ.व को फाल्गुण मसान्त भित्र तथा तेस्रो तथा अन्तिम किस्तावापतको रकम ढिलोमा चालु आ.व को आषाढ १५ गते भित्रमा अनिवार्य जम्मा गरी सक्नु पर्नेछ ।उल्लेखित तोकिएको अवधि भन्दा १५ दिन ढिलो गरी किस्ता जम्मा गरेमा थप ५% जरीवाना समेत असुल गरिनेछ । उल्लेखित अवधि भन्दा १५ दिन पछाडि समेत किस्ता जम्मा नगरेमा/ नभएमा

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः राजश्व शाखा (२०८२/०८३)

आवश्यक कारबाहिको लागि कार्यपालिकामा पेश गरिनेछ ।प्रस्तावदाताले एकमुष्ट ठेक्का रकम अग्रिम बुझाउन चाहेमा कुल ठेक्का अंकको १०% प्रतिशत रकम छुट दिइनेछ ।

८.ठेक्का प्रस्तावदाताले नगरपालिकाले तोकेको कर तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।

९.आय ठेक्काको बन्दोवस्ती अवधि सम्झौता मिति देखि लागू भई २०८४ आषाढ मसान्त सम्म कायम रहनेछ ।सम्झौता मिति जहिले सुकै भएतापनि चालु आ.व को सम्झौता मिति देखि अघिको अवधिको तिर्नु/बुझाउनु पर्ने ठेक्का रकम छुट दाबि गर्न पाइने छैन ।

१०.ठेक्का अवधिमा कुनै बाधा अड्चन आइपरेमा वा ठेक्का प्रस्तावदाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको शर्त, नगर कार्यपालिकाको निर्णय, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन अनुसार हुनेछ ।

११. सूचनामा तोकिएको म्यादभित्र रितपुर्वक पेश भएका प्रस्तावहरुको प्रभावग्राहिता र कबोल अङ्कका आधारमा सबैभन्दा बढि कबोल गर्ने प्रस्तावदातालाइ छनौट गरि सम्झौता गरिनेछ ।

१२. स्वीकृत भएको प्रस्तावदाता सम्झौता गर्न नआएमा निजको धरौटी रकम वा दरभाउपत्र जमानत जफत गरि कानुन बमोजिम कालो सूचीमा राख्ने कारवाही अघि बढाइ निज भन्दा कम निकटतम कबोल अंक भएको प्रस्तावदाता संग सम्झौता गरि कार्य अघि बढाइनेछ ।

१३. प्रस्ताव कागजातमा कुनै त्रुटी (भाषागत समेत) भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन/संशोधन गर्न बाधा पर्नेछैन ।यस्तो किसिमको संशोधन गर्नुपरेमा विद्युतिय खरिद प्रणाली मार्फत नै आवश्यक संशोधन गरिनेछ ।सो को जानकारी यस कार्यालयको आधिकारिक वेभसाइट, फेसबुक पेज मार्फत सूचना सम्प्रेषण समेत गरिनेछ ।

१५.प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर लगायतका सम्पूर्ण दायीत्वहरु ठेक्का प्रस्तावदाता स्वयंमले व्यहोर्नु पर्नेछ । उल्लेखित दायीत्वहरु ठेक्का प्रस्तावदाताले ठेक्का सम्वन्धि कागजात (विओक्यु) मा कबोल गरीएको रकम अनुसारको सम्वन्धित निकायहरुमा बुझाउनु पर्नेछ ।

१६. यस कार्यसंग सम्वन्धित विस्तृत जानकारीको लागी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली (https://bolpatra.gov.np/egp), इलाम नगरपालिकाको आधिकारिक वेभ साइट (https://ilammun.gov.np), फेसबुक पेज, सूचना पाटि तथा कार्यालय समयमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

सूचना प्रविधि तथा तथ्याङ्क विश्लेपण शाखाः वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।